# शैक्षिक नेतृत्व

**रेणुका अधिकारी**
शाखा अधिकृत, शैक्षिक जनशक्ति विकास केन्द्र

## लेखसार

**निश्चित उद्देश्यलाई प्रभावकारी रूपले प्राप्त गराउन विभिन्न क्षेत्रमा विभिन्न किसिमका संघ संस्थाहरूको स्थापना गरिएको हुन्छ । त्यसैले कुनै पनि सङ्गठनलाई आफ्ना उद्देश्यहरू प्राप्त गर्नको लागि नेतृत्वको खाँचो पर्छ । राष्ट्रले अपेक्षा गरेका शिक्षाका राष्ट्रिय लक्ष्य र उद्देश्यलाई एवम् अन्तरराष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धताहरूलाई प्राप्त गर्न, गराउन केन्द्रीय, क्षेत्रीय, जिल्ला र स्थानीय स्तरमा आवश्यकताअनुसार शैक्षिक व्यवस्थापन गर्ने संस्था वा निकायको व्यवस्था गरिएको छ । यस्ता संस्था वा निकायमा काम गर्नको लागि विभिन्न तह र तप्काका कर्मचारीहरूको पनि व्यवस्था गरिएको छ । यस्ता संस्थाहरूमा कार्यालय प्रमुख, सहायक प्रमुख र आवश्यकताअनुसार अन्य कर्मचारीहरूको व्यवस्था गरिएको पनि छ । कार्यालय प्रमुखले संस्थाको नेतृत्व लिनुपर्ने र निजको मातहतका कर्मचारीले आदेश मानेर काम गर्नुपर्ने भएकाले त्यस्ता कर्मचारीहरूलाई अनुयायीको रूपमा मान्ने गरिएको पाइन्छ । यसरी राष्ट्रिय, क्षेत्रीय, जिल्ला र स्थानीय स्तरमा स्थापना गरिएका विभिन्न निकायमा नेतृत्व लिने व्यक्तिले आफ्ना मातहतमा रहेका व्यक्तिहरूलाई समय र परिस्थितिअनुसार कुशल नेतृत्व प्रदान गर्नुपर्ने हुन्छ । त्यसकारण मानिसलाई प्रेरित गर्नु, पथ प्रदर्शन गर्नु र व्यवस्थित गर्नलाई उपयुक्त योग्यता, क्षमता र तत्परता हुनुलाई नेतृत्व भनिन्छ । त्यसैले भनिन्छ कुशल नेतृत्व कुशल व्यवस्थापनको आवश्यक पक्ष हो । सङ्गठनको लक्ष्य र उद्देश्य हासिल गर्न कुशल नेतृत्वको आवश्यकता हुन्छ । भएका मानवीय, भौतिक स्रोत र साधनलाई अधिकतम उपलब्धिमूलक हुने हिसाबले प्रयोग र परिचालन गर्न नेतृत्व आवश्यक हुन्छ । कानुनी शक्ति, पदीय शक्ति, शारीरिक शक्ति, बौद्धिक र मानसिक क्षमता आदिले व्यक्तिमा नेतृत्वको सक्षमता विकास हुन्छ । व्यवस्थापक र नेतृत्वबिच घनिष्ट सम्बन्ध हुने भएकाले दुवैले सङ्गठनमा दोहोरो भूमिका बहन गर्नुपर्ने हुन्छ । एउटा नेता प्रशासक नहुन सक्छ तर एउटा प्रशासक नेता हुनै पर्दछ । नेता विना नेतृत्व योजना, सङ्गठन, नियुक्ति, नियन्त्रण उत्प्रेरणा जस्ता कार्य हुन सक्तैन । त्यसैले सङ्गठनको सफलता असफलता कुशल नेतृत्वमा निर्भर गर्छ । विद्यालय सुधारका लागि सफल र प्रभावकारी नेतृत्वको भूमिका नै प्रमुख र निर्णायक हुने कुरा विभिन्न अध्ययनले देखाएको छ । यस लेखमा नेतृत्वमा हुनु पर्ने सक्षमता, नेतृत्वका शैलीहरू, विशेषताहरू साथै नेपालको सन्दर्भमा नेतृत्वको उपादेयता र भावी दिशा बारेमा चर्चा गरिएको छ ।**

## पृष्ठभूमि

सामान्य अर्थमा मानिसलाई प्रेरित गर्नु, पथ प्रदर्शन गर्नु र व्यवस्थित गर्न उपयुक्त योग्यता क्षमता र तत्परता हुनुलाई नेतृत्व भनिन्छ । व्यवस्थापन प्रक्रियाको अति महत्त्वपूर्ण पक्ष नेतृत्व हो । सङ्गठनको लक्ष्य र उद्देश्य हासिल गर्न कुशल नेतृत्वको आवश्यकता पर्छ । शैक्षिक नेतृत्वले पनि शैक्षिक क्षेत्रमा राखिएका लक्ष्य र उद्देश्यलाई पुरा गर्न उपलब्ध स्रोत, साधनको उचित व्यवस्था र प्रयोग, पाठ्यक्रम व्यवस्थापन, शैक्षिक योजनाहरूको अनुगमन, शिक्षकहरूको मूल्याङ्कन, सिकाइ उपलब्धिको मूल्याङ्कन जस्ता महत्त्वपूर्ण कार्यहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ ।

## नेतृत्व सम्बन्धी केही परिभाषाहरू

१. **चेस्टर आई.वर्नाड (Chester I Barnard)** : नेतृत्व अनेकौ व्यक्तिहरूको व्यवहारको यस्तो गुण हो, जसद्वारा उनीहरूले सङ्गठित प्रयत्नद्वारा व्यक्ति वा उनका क्रियाकलापलाई मार्ग दर्शन गराउँछ ।

२. **जर्ज टेरी (George Terry)** : आपसी उद्देश्यहरूका लागि मनैदेखि प्रयत्न गर्न व्यक्तिहरूलाई प्रभाव पार्ने क्रियाकलाप नै नेतृत्व हो ।

३. **केथि डेभिस (Keith Davis)** : नेतृत्व भनेको निश्चित उद्देश्यहरू उत्साहपूर्वक हासिल गर्न अरूलाई मनाउने क्षमता हो ।

४. **फ्राङ्कलिन जि मोरे (Franklin G Moore)** : नेतृत्व भनेको अनुयायीहरूलाई नेताको चाहनाअनुसार कार्यहरू गर्नका लागि तयार गर्ने योग्यता हो ।

माथिका परिभाषालाई हेर्दा नेतृत्व व्यक्तिको त्यो क्षमता तथा खुबी हो जसले लक्ष्य र उद्देश्य प्राप्तिमा अनुयायीहरूलाई साथै लिएर कार्यप्रति अभिप्रेरित गर्ने, मार्ग दर्शन गर्ने र प्रभावित गर्दै अघि बढ्न सहयोग गर्छ। शैक्षिक नेतृत्व भन्नाले शिक्षा क्षेत्रमा राखिएका शैक्षिक लक्ष्य र उद्देश्य पुरा गर्न केन्द्रदेखि स्थानीय तहसम्म आवश्यकताअनुसार शैक्षिक संस्था वा निकायमा कार्यरत व्यक्तिहरूलाई निर्धारित उद्देश्य पुरा गराउनका लागि मनैदेखि प्रयत्न गर्न प्रभाव पार्ने क्रियाकलाप नै शैक्षिक नेतृत्व हो। त्यसैले शिक्षा क्षेत्रमा पनि नेतृत्व विहीन भएर कुनै पनि कार्य सञ्चालन नै गर्न सकिँदैन भन्ने कुरामा दुई मत देखिँदैन।

## विषय वस्तुको विश्लेषण विस्तार

शिक्षा क्षेत्रमा पनि नेतृत्वको महत्त्वपूर्ण भूमिका हुन्छ। शिक्षा क्षेत्र आफैँमा फराकिलो क्षेत्र हो। केन्द्रदेखि स्थानीय स्तरसम्म विभिन्न शैक्षिक सङ्गठनहरूको व्यवस्था गरिएको छ। शैक्षिक नीति निर्माण गर्ने, विभिन्न काम कर्तव्य र अधिकारको निर्धारण गर्ने, कर्मचारी र शिक्षकको नियुक्ति गर्ने, निर्णय गर्ने मूल्याङ्कन गर्ने, निर्देशन दिने, समस्या समाधान गर्ने आदि जस्ता कार्यहरू निरन्तर र प्रभावकारी रूपमा गर्ने शैक्षिक नेतृत्वको आवश्यकता हुन्छ। लक्ष्य उद्देश्य प्राप्त गर्न व्यक्ति वा समूहको व्यवहार एवम् क्रियाकलापहरू तथा प्रयासहरूलाई परिचालित गर्ने, उत्साहित गर्ने, प्रभाव पार्ने क्षमता कुनै पनि शैक्षिक नेतृत्वमा हुनुपर्छ। प्रशासनिक रूपमा शिक्षा मन्त्रालय स्तरको नेतृत्व शिक्षा सचिव, शिक्षा विभागमा महानिर्देशक, क्षेत्रीय तहमा क्षेत्रीय शिक्षा निर्देशक, जिल्ला स्तरमा जिल्ला शिक्षा अधिकारी, विश्व विद्यालयमा उपकुलपति, विद्यालयमा प्रधानाध्यापकले शैक्षिक नेतृत्वको कार्य गरिरहेका हुन्छन्। (शैक्षिक सूचना सङ्गालो २०७०, शिक्षा मन्त्रालय)। हुनत सबै शिक्षक कर्मचारीहरूले पनि आआफ्नो क्षेत्रमाा नेतृत्व गरिरहेका हुन्छन्। उसले शैक्षिक लक्ष्य र उद्देश्य प्राप्तिका लागि शिक्षक कर्मचारी, विद्यार्थी एवम् अभिभावकलाई प्रेरित र उत्साहित गर्न सक्नुपर्छ। उसमा उपयुक्त शैक्षिक वातावरण तयार गर्ने सिप र दक्षता हुन आवश्यक हुन्छ।

## नेतृत्वमा हुनुपर्ने सक्षमता

कुनै पनि क्षेत्रमा कार्य गर्ने नेतृत्वमा केही न केही सक्षमता हुनु जरुरी छ, त्यसमा पनि शिक्षा जस्तो फराकिलो र गहन क्षेत्रमा त झन् यसको ज्यादै नै महत्त्व रहेको पाइन्छ। नेतृत्वमा निम्न सक्षमता मुख्य रूपमा हुनुपर्छ। (कोइराला विद्यानाथ, शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार, २०६६)

१. **प्रभाव पार्ने क्षमता (Ability to Influence)**

नेतृत्व भनेको आफ्नो मातहतका कर्मचारीलाई प्रभाव पार्ने क्षमता हो। अरूलाई आफूतिर शक्ति प्रयोग गरेर, कारण उत्पन्न गराएर, मित्रता देखाएर, आकर्षित र प्रभाावित गर्दै आफ्नो इच्छाअनुसार कार्य गराउन कुशल नेतृत्वको आवश्यकता पर्छ त्यसैले नेतृत्व लिने व्यक्तिमा अरूहरूलाई प्रभाव पार्ने क्षमता हुनुपर्छ।

२. **लक्ष्य उन्मुख (Goal oriented)**

लक्ष्य विनाको नेतृत्वको कुनै अर्थ हुँदैन् त्यसैले निश्चित लक्ष्यतर्फ आफ्ना अनुयायीहरूलाई आकर्षित गर्दै नेतृत्व अगाडि बढ्नुपर्दछ।

३. **परिस्थितिमूलक (Situational)**

सामाजिक, सांस्कृतिक संरचना, अन्तराष्ट्रिय माग र अवस्था, नीति नियम आदिका आधारमाा नेतृत्वको निर्धारण भएको हुन्छ। त्यसकारण नेतृत्व लिने व्यक्तिले सबै पक्षहरूलाई विश्लेषण गर्दै, रचनात्मक भूमिका निर्वाह गर्दै परिस्थितिअनुसार आाफ्ना कार्यहरू सञ्चालन गर्नुपर्छ। कुनै एक परिस्थितिमा सफल भएको नेता अर्को परिस्थितिमा असफल हुन पनि सक्छ, त्यसैले नेतृत्व परिस्थितिमूलक हुनुपर्छ।

हेरक क्षेत्रमा नेतृत्व अनिवार्य पनि छ र हुनु पनि पर्छ। तर नेतृत्व एउटै किसिमको भने भएको पाइँदैन। समय ठाउँ, व्यक्तिगत स्वभाव, आदि कुराहरूले नेतृत्व शैलीमा विविधता ल्याएको पाइन्छ। नेतृत्व शैली नेताको सिद्धान्त, व्यक्तिगत अनुभव, मूल्य मान्यताको आधारमा उसले अरूलाई प्रभाव पार्ने व्यवहारको तरिका पनि हो। जुन परिस्थितिअनुसार फरक फरक रूपमा प्रयोग गर्ने गरेको पाइन्छ। शैक्षिक क्षेत्रमा

पनि नेतृत्वका निम्न शैलीहरू प्रयोग भएको पाइन्छ । (कोइराला विद्यानाथ, शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार, २०६६) ।

१. **निरङ्कुश एवम् तानाशाही नेतृत्व शैली (Authoritatarian orautocratic leadership style)**
यस्तो नेतृत्वले अधिकार शक्ति, निर्णाय गर्ने अधिकार आफूमा केन्द्रित गरी मातहतका कर्मचारीहरूलाई नियन्त्रण, निर्देशन आदेश दिने कार्य गर्छ । यसमा विना प्रश्न सबै मातहतका कर्मचारीले आदेशको पालना गर्छन् ।

२. **प्रजातान्त्रिक वा सहभागितामूलक नेतृत्व शैली (Democratic or participatory leadership style)**
यस्तो नेतृत्वले अधिकार शक्ति, निर्णय गर्ने अधिकार आफूमा केन्द्रित नगरी विकेन्द्रित गर्छ । सल्लाह, सुझाव, सुझाव, छलफल भेटघाटलाई प्राथमिकता दिन्छ । यसमा मातहतका कर्मचारीलाई उनीहरूको क्षमता, प्रतिभा, योग्यतालाई पूर्ण रूपमाा प्रस्फुटन गर्ने गराउने कार्य गरिन्छ ।

३. **स्वतन्त्र र विधि सम्मत नेतृत्व शैली (Free rein or laisse faire style)**
यसमा नेतृत्वले मध्यस्त (Umpire) तथा समन्वय (Co-ordinator) को रूपमा मात्र काम गर्छ । प्रत्येक कर्मचारीलाई आफ्नै ढङ्गले काम गर्ने, सोच विचार गर्ने स्वतन्त्रता दिइएको हुन्छ । कुनै पनि कार्यमा नेताको हस्तक्षेप नहुने हुनाले अन्य कर्मचारीले स्वतन्त्रपूर्वक रचनात्मक काम गर्ने अवसर पाउँछन् ।

यसरी नेतृत्व शैलीले नेताको आत्म ज्ञान, मनोवृत्ति र कुशल क्षमताको प्रयोगात्मक तथा व्यवहारिक पक्षको समेत प्रतिनिधित्व गरिरहेकाले गर्दा नेतृत्व कस्तो शैलीको अवलम्बन गर्ने भन्नेमा नेतृत्व सदैव स्पस्ट हुनुपर्छ । यस सन्दर्भमा आरएमस्टुग डील (R M Stogdil) ले नेतृत्वका विशेषतालाई निम्नानुसार उल्लेख गरेका छन् :

१. सामाजिकता (social)
२. ज्ञान (knowing)
३. लोकप्रिय (popularity)
४. अग्रसरता (initiative)
५. प्रतिबन्ध (resistence)
६. होसियारी (alertness)
७. मिल्न सक्ने क्षमता (adaptability)
८. आत्म विश्वास (self confidence)
९. सहयोगी (co-operative)
१०. स्पस्ट बोलाइ (verbaity)

त्यस्तै गरी नेतृत्वका विशेषतालाई विस्तृत रूपमा प्रस्ट्याउन नेतृत्व सम्बन्धी अध्ययन र अनुसन्धानको सारांशमा किम्बेल वायलस (Kimlell Willes) र जानलेवेलले निम्नानुसार उल्लेख गरेका छन् ।

१. कामको सम्वन्ध (Working Relationship)
२. पछ्याउनु (Following)
३. उदाहरणीय आचरण (Examplany conduct)
४. परिस्थितिजन्य (Situational)
५. साझा लक्ष्य र चासो (Common Goal and interest)
६. नेतृत्व परिवर्तनशिल (Leadership is changeable)
७. समूहबाट निस्कने नेतृत्व (Leadership emerges from group)
८. अभिवृत्ति र विश्वासबाट निर्धारण हुने नेतृत्व (Attitudes and belief determine leadrer)
९. मानङ्क र मूल्यबाट निर्धारण हुने नेतृत्व (Norms and values determine leader)
१०. नेतृत्व शैलीबाट निर्धारण हुने नेतृत्व (Style of leadership determine leader)
११. नेतृत्व सामूहिक भूमिकाको रूपमा (Leadership as group role)

सङ्गठनमा संम्पादन गर्नुपर्ने कार्यलाई सही बाटोमा डोऱ्याउनमा नेतृत्वको अहम भूमिका रहन्छ । नेतृत्व नभएको सङ्गठन खाली वस्तु तथा मानिसहरूको झुन्ड मात्र हुन जान्छ, जसले आफ्नो उद्देश्य प्राप्त गर्न सक्दैन । त्यसैले कुशल नेतृत्व एउटा कुशल व्यवस्थापनको अति आवश्यक अंश हो भनिन्छ । त्यसकारण सङ्गठनमा नेतृत्वका निम्न कार्य हुने गर्छ (कोइराला विद्यानाथ, शैक्षिक व्यवस्थापन र

सङ्गठनात्मक व्यवहार, २०६६) :

१. लक्ष्य निर्धारण (goal determination)
२. वातावरणमा समायोजन (environmental adaptation)
३. सम्बन्ध र समन्वय (coordination and adjustment)
४. कार्य प्रति उन्मुख (task orientation)
५. सामाजिक कार्य (social function)
६. समस्याको समाधान कर्ता (conflict resolves)
७. प्रतिनिधित्व (representation)
८. उत्प्रेरणा (motivation)
९. समूहको निम्ति प्रतिकात्मक व्यक्तित्व (symbolic figure for the group)
१०. मध्यस्तकर्ता (arbitrator)

यसरी हेर्दा सङ्गठनको लक्ष्य र उद्देश्य हासिल गर्न कुशल नेतृत्वको आवश्यक पर्छ। सङ्गठनमा रहेका भौतिक एवम् मानवीय स्रोत साधनलाई उच्चतम उपलब्धि हुने गरी प्रयोग र परिचालन गर्न कुशल नेतृत्व आवश्यक पर्ने हुनाले सङ्गठनमा नेतृत्वको यति नै भूमिका मात्र हुन्छ भन्नु गलत हुन जान्छ। नेता विना नत नेतृत्व योजना बन्छ, नत नियुक्ति, नियन्त्रण र मार्ग दर्शन हुन्छ। त्यसकारण सङ्गठनको सफलता र असफलता कुशल नेतृत्वका कार्यहरूमा निर्भर रहन्छ।

## नेपालको सन्दर्भमा नेतृत्वको उपदेयता र भावी दिशा

युगमा आएको परिवर्तन सँगसँगै शैक्षिक परिदृश्यमा पनि आमूल रूपमा परिवर्तन आएको छ। समय, प्रविधि सुचनाले आज मानिसहरूले धेरै कुरा जानेका र बुझेका छन् तसर्थ उनीहरूका चाहना र आवश्यकताअनुसारको शैक्षिक नेतृत्वको भूमिका रहनुपर्छ। एक्काइसौँ शताब्दीले माग गरेको सक्षम जनशक्तिको विकास गर्ने जिम्बेवारी पनि शिक्षाले नै लिएको हुनाले स्थानीय स्तरदेखि नीति निर्माण एवम् योजना निर्माण तहसम्म कुशल शैक्षिक नेतृत्व हुन आवश्यक छ। एक्काइसौँ शताब्दीको माग अनुकूलको शिक्षालाई कसरी डोऱ्याउने भन्ने ज्ञान र जानकारी नेतृत्वमा हुन नितान्त आवश्यक छ। प्रविधिको प्रवेश र प्रयोगले शिक्षाको परम्परागत चिन्तन फेरिँदै गएको छ भने प्राचीन कालदेखि कुनै कुनै रूपमा नेतृत्वलाई स्वीकार गरिँदै आए तापनि त्यसको भूमिकामा पनि व्यापक परिवर्तन आएको पाइन्छ। सिकारु, शिक्षक, शिक्षण विधि र पद्धति, पाठ्यक्रम, मूल्याङ्कन प्रक्रिया, शैक्षिक योजना निर्माण प्रक्रिया आदि जस्ता शिक्षाका अन्तरवस्तुहरूमा व्यापक परिवर्तन र परिमार्जन भएको छ। त्यसकारण हरेक तह र तप्कामा रहेका शैक्षिक नेतृत्वले अपेक्षित वा अनपेक्षित रूपमा बदलिएका यस्ता पक्षहरूलाई राम्ररी बुझी आफ्नो नेतृत्व एवम् शैलीलाई समय सापेक्ष, सान्दर्भिक, २१ औँ शताब्दीमा तादम्य हुने खालको भूमिका निर्वाह गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

### क. विद्यालय तहमा नेतृत्व

सुरुबाटै विद्यालय भन्नाले भवनसहित शिक्षकहरूको प्रबन्धबाट निश्चित समयमा विद्यार्थीहरूलाई शिक्षण गर्ने स्थलका रूपमा लिइँदै आएको अवस्था छ। तर विद्यालयलाई एउटा पेसागत संस्था र सिकाइ संस्थाका रूपमा रूपान्तरण गर्नुपर्छ भन्ने मान्यताको विकास भएको छ। शिक्षक केन्द्रित, पाठ्य पुस्तकमा आधारित शिक्षण, कलम र कापीमा आधारित शिक्षण गर्ने कतिपय नेपालका विद्यालयहरूमा नेतृत्वले सिकाइका धेरै विकल्पहरू औल्याउनुपर्ने आवश्यकता देखिएको छ। विद्यार्थीको सर्वाङ्गीण सिकाइका लागि विद्यालयमा प्रशासनिक स्वरूप र चरित्रभन्दा पेसाविद्हरूलाई पेसागत स्वायत्तता र अधिकार प्रदान गरी विद्यालयलाई बालबालिकाहरूको सिकाइमा विशेष ख्याल गर्ने संस्थाका रूपमा स्थापित गर्न विद्यालय तहको नेतृत्वले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ। प्रविधिको प्रवेश र प्रयोगले गर्दा सिकाइ सञ्जालबाट हुन थाल्यो। यस्तो पक्षलाई ध्यान दिँदै व्यवस्थापक एवम् नेतृत्वले सहज र सही नेतृत्व प्रदान गर्नुपर्ने देखिन्छ।

नेपालको सन्दर्भमा शैक्षिक जनशक्ति विकास केन्द्रले प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम, स्रोतव्यक्ति नेतृत्व क्षमता विकास तालिम जस्ता विभिन्न प्रकारका र विभिन्न तहका व्यवस्थापकहरूलाई नेतृत्व क्षमता विकास तालिम सञ्चालन गर्दै आएको छ। आजको २१ औँ शताब्दीको परिवर्तित परिवेश सँगसँगै आफ्नो प्रक्रियामा पनि परिवर्तन गर्दै गएको पनि देखिन्छ तर जुन रूपमा हुनुपर्ने हो त्यो रूपमा भने हुन सकेको छैन। त्यसैले उत्प्रेरित प्रशासकबाट मात्र शिक्षामा आमूल परिवर्तन एवम् सुधार हुने भएकाले हाम्रा कार्य र क्रियाकलापहरू यसै दिसातर्फ उन्मुख हुनु आवश्यक छ।

### ख. जिल्ला तहमा नेतृत्व

जिल्ला तहमा विद्यालय सञ्चालन र व्यवस्थापनको जिम्वेवारीमा जिल्ला शिक्षा अधिकारीको महत्त्वपूर्ण भूमिका हुन्छ। जिल्लामा प्रभावकारी रूपमा शैक्षिक कार्यक्रम कार्यन्वयन हुन सकिरहेका छैनन्, गुणस्तरीय शिक्षाका आधारहरू पूर्ण रूपमा विकास भई सकेको छैन, विद्यालय तहका शैक्षणिक नेतृत्वहरूलाई ज्ञान र सिप प्रदान गर्न सकिएको छैन। अपेक्षा गरेअनुसार शैक्षिक उपलब्धि ल्याउन सकिएको छैन त्यसकारण यस्ता ज्वलन्त समस्याहरूलाई न्यूनीकरण गर्न सक्ने शैक्षिक नेतृत्व जिल्ला तहमा हुन आवश्यक छ। विद्यालय तहको नेतृत्व भन्दा जिल्ला तहको नेतृत्व बढी प्रशासनिक र व्यवस्थापकीय कार्यमा संलग्न हुनुपर्ने हुन्छ। यो नेतृत्वले स्पस्ट लक्ष्य र उद्देश्य किटान गरेको, शिक्षण सिकाइलाई स्रोत साधन व्यवस्था गरेको, पाठ्यक्रमको व्यवस्थापन गरेको, शिक्षण योजनाहरूको अनुगमन गरेको साथै शिक्षकहरूको मूल्याङ्कन गरिरहेको हुनुपर्छ। त्यसैले जिल्ला तहको नेतृत्वले विद्यार्थीहरूको सिकाइमा सुधार, उपलब्धिमा सुधार आउनेतर्फ कदम चाल्नुपर्ने देखिन्छ। त्यस्तै जिल्ला तहमा सिकाइ समुदायको निर्माण, अन्तरक्रिया, समस्याका बारेमा छलफल गर्ने र समाधान निकाल्ने तर्फ अभ्यास गर्नुपर्छ। यसरी सरोकारहरूका उच्च शैक्षिक अपेक्षाहरू के के छन्, त्यसको मूल्याङ्कन गरी सही कुशल नेतृत्व प्रदान गर्न आजका जिल्ला तहका नेतृत्वले अहम भूमिका खेल्नुपर्ने देखिन्छ।

### ग. केन्द्रीय स्तरमा शैक्षिक नेतृत्व

शिक्षाको राष्ट्रिय नीति, अन्तरराष्ट्रिय अभ्यास, परिवर्तित सन्दर्भ, समस्त योजना, कार्यक्रमहरूको समन्वय र व्यवस्थापन जस्ता क्षेत्रमा केन्द्रीय स्तरको नेतृत्वको महत्त्वपूर्ण भूमिका हुन्छ। शिक्षा मन्त्रालय र यसअर्न्तगत विभिन्न निकायहरूको व्यवस्था गरी शैक्षिक नेतृत्वलाई सहजता प्रदान गरिएको छ। शिक्षा विभागले जिल्ला शिक्षा कार्यलयहरू मार्फत् शैक्षिक योजना कार्यन्वयन, अनुगमन र व्यवस्थापन गर्छ। शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षक विकाससँग सम्बन्धित कार्य गर्छ। त्यस्तै पाठ्यक्रम पाठ्य पुस्तक विकास र परिमार्जनका लागि पाठ्यक्रम विकास केन्द्र, अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि अनौपचारिक शिक्षा केन्द्र, शिक्षकहरूको अभिलेख व्यवस्थापनका लागि शिक्षक किताबखाना आदि जस्ता निकायहरूको व्यवस्था गरी शैक्षिक नेतृत्वलाई सक्षम र सबल गर्ने प्रयास गरिएको छ। शिक्षामा निर्दिष्ट लक्ष्य र उद्देश्य हासिल गर्नका लागि शिक्षा मन्त्रालय र सो अर्न्तगत विभिन्न केन्द्रीय, क्षेत्रीय र जिल्लास्तरीय र स्थानीय स्तरमा साथै विभिन्न स्वायत्त निकायहरूको स्थापना गरी शैक्षिक कार्यक्रमलाई सही र प्रभावकारी नेतृत्व दिने प्रयास गरिएको छ।

### भावी दिशा

विद्यालयमा उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गरी कक्षाकोठामा प्रभावकारी शिक्षण भएको सुनिश्चित गर्ने र शिक्षक सहजीकरण गर्ने साथै विद्यालय तहको उपलब्धि स्तर सुधार गर्ने कार्यमा प्रणालीगत जिम्बेवारी विद्यालय तहको नेतृत्वले बहन गर्नुपर्ने देखिन्छ। वर्तमान शिक्षा ऐन २०२८ (संशोधन सहित) र शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९४ मा विद्यालय तहको शैक्षिक नेतृत्वसँग सम्बन्धित प्रधानाध्यापकका काम, कर्तव्य र अधिकारलाई पालना गर्नुपर्ने पनि अवस्था छ। यसैगरी विद्यालय क्षेत्र सुधार योजना २०६६/२०७२ ले विद्यालयमा शैक्षिक गुणस्तर

सुनिश्चितताका लागि प्रधानाध्यापकको योग्यता र क्षमताको छनोट प्रक्रिया र जिम्मेवारीका बारेमा उल्लेख गरेको छ । सो अनुरूप विद्यालय तहको नेतृत्व तत्पर हुनुपर्छ । सामुदायिक विद्यालयहरूमा शैक्षिक नेतृत्वको अवस्था कमजोर रहेको यस परिदृश्यमा ऐन, नियम, शिक्षा मन्त्रालयको निर्देशन, विद्यालय क्षेत्र सुधार योजनाको मर्म अनुरूप विद्यालय तहमा शैक्षिक नेतृत्व अगाडि बढ्नु पर्दछ । समसामयिक रूपमा प्रधानाध्यापकको नेतृत्व क्षमता विकास हुन सकेको छैन कतिपय विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन हुन सकिरहेको छैन र गठन भएको विद्यालयमा पनि राजनीतिक प्रभावका कारण प्रधानाध्यापकले उठाएका विद्यालय विकासका शैक्षिक मुद्दाहरू ओझेलमा परेका छन् । त्यसकारण राजनीतिक प्रभावबाट विद्यालयको शैक्षिक व्यवस्थापन टाढा हुनुपर्ने देखिन्छ । जिल्ला स्तरीय शैक्षिक विकास कार्यक्रमको योजना तर्जुमा गरी कार्यन्वयन गर्नु, राष्ट्रिय नीति र कार्यक्रम साथै माथिल्लो निर्देशनअनुसार जिल्लामा पठन पाठन प्रक्रिया भएनभएको सुपरिवेक्षण र अनुगमन गर्ने कार्यमा जिल्ला तहको शैक्षिक नेतृत्वले प्रभावकारी भूमिका खेल्नुपर्छ । केन्द्रीय स्तरबाट पनि प्रत्येक शैक्षिक नेतृत्वले शैक्षिक कार्यक्रमहरू कुन रूपमा सञ्चालन भएको छ ? त्यसको प्रभाव कक्षाकोठा भित्रको शैक्षिक वातावरणमा कस्तो परेको छ ? नीति, योजनामा के कस्तो सुधार आवश्यक छ ? भन्ने कुरामा प्रभावकारी अनुगमन मूल्याङ्कन गर्नु अत्यन्त जरुरी छ ।

## निष्कर्ष

शैक्षिक नेतृत्वको केन्द्रबिन्दु सिकाइ सुधारमा हुनुपर्छ । एउटा शैक्षिक नेतृत्वलाई त्यतिबेला नेताको रूपमा लिइन्छ । जब उसले शैक्षिक उपलब्धि र शैक्षिक व्यवस्थापनमा अपेक्षित सुधार ल्याएको कुरा महसुस गरिन्छ । व्यक्तिमा २१ औं शताब्दीका आवश्यकता, अन्तरराष्ट्रिय परिवेश, क्षमतामा आधारित भएर शैक्षिक नेतृत्वले भूमिका निर्वाह गर्नुपर्छ । शैक्षिक नेतृत्वले हाम्रा विद्यालय, शिक्षक, पाठ्यक्रम, शिक्षण शैली, मूल्याङ्कनका विधिहरूमा समयसापेक्ष रूपान्तरण गरी विद्यार्थीहरूलाई नवीन ज्ञान र सिप प्रदान गरी देश विकास र विश्व बजारमा स्थापित हुन सक्ने जनशक्तिको विकास गर्नुपर्ने दृष्टिकोणका साथ अगाडि बढ्नुपर्ने आवश्यकता छ । शैक्षिक व्यवस्थापनको आन्तरिक प्रभावकारितामा कमी आएको छ । नियमनको अवस्था गुणस्तरीय बन्न सकेको छैन । पेसागत कार्य कुशलतामा अभिवृद्धि गर्न नसकिएको अवस्था छ । यस्ता पक्षमा रचनात्मक भूमिका हरेक तहमा रहेका शैक्षिक नेतृत्वले खेल्नुपर्ने देखिन्छ । त्यसकारण शैक्षिक नेतृत्वले शिक्षा सम्बन्धी असल नीतिको निर्माण, त्यसको प्रभावकारी कार्यान्वयन, सहकार्य, समन्वय, साझेदारी, समझदारी, नागरिकहरूको सक्रिय सहभागिता, स्वामित्व, अपनत्व बोध जस्ता जिम्मेवारी पुरा गरेमा शिक्षा क्षेत्रका समस्या समाधान भई समृद्धि, समुन्नता, गतिशिल आधुनिक समाज निर्माण र विकास हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

## सन्दर्भ सामग्री


नेपाल सरकार, (२०६९). **शिक्षा ऐन २०२८ र नियमावली २०५९ (संशोधन सहित)**. काठमाडौं : लेखक

शिक्षा मन्त्रालय, (२०६६). **विद्यालय क्षेत्र सुधार योजना २०६६/२०६७**. काठमाडौं : लेखक

काफ्ले, बासुदेव, (२०६४). **शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार**. काठमाडौं : जुपिटर पब्लिकेसन

खनाल, कुलप्रसाद, (२०७०). **सिकाइ केन्द्रित शैक्षिक नेतृत्व, शैक्षिक स्मारिका**. भक्तपुर : शिक्षा विभाग

कोइराला विद्यानाथ, (२०६६). **नेतृत्व शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार**. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

श्रेष्ठ, चन्द्रबहादुर. **शैक्षिक योजनामा विकेन्द्रीकरण, एक अवधारणा (शिक्षा २०६६)**. भक्तपुर : पाठ्यक्रम विकास केन्द्र

Sharma R N (2005). *Educationaal Administration Management and Organization -2nd Ed_*, Delhi : Sujeet publication